नेपाल सरकार
Government of Nepal
युवा तथा खेलकुद मन्त्रालय
Ministry of Youth and sports
युवा तथा साना व्यवसायी स्वरोजगार कोष सचिवालय
Youth and Small Entrepreneur Self-Employment Fund Secretariant

Ref No. प.स. ०७६।७७,च.नं. २०१, कानुन तथा असूली

Date: २०७७।०२।०४

विषय : भाखानाघेका संस्थाहरुलाई कर्जा चुक्ता गर्ने सम्बन्धमा ।

श्री सबै सहकारी संघ/संस्थाहरु,

यस कोषबाट थोक कर्जा सापटी लिई लगानी गरेका तर तोकिएको म्यादभित्र कर्जाको साँवा तथा व्याज तिर्न नसकेका सहकारी संघ/संस्थाहरुलाई कोष सञ्चालक समितिको मिति २०७७ बैशाख २८ गतेको निर्णयानुसार आगामी २०७७ आषाढ १५ गतेसम्म कोषलाई तिर्नुपर्ने सम्पूर्ण रकम चुक्ता गरेमा कोभिड-१९ को असरलाई मध्यनजर गर्दै चालू आर्थिक वर्षमा लाग्ने **हर्जाना** रकम छुट दिइने भएकाले यो मौकाको सदुपयोग गरी हिसाब फरफारक गर्नुहुन सूचित गरिन्छ । साथै उक्त अवधिभित्र कर्जाको सम्पूर्ण रकम चुक्ता गरेमा असूली सम्बन्धी थप कारबाही अगाडि नबढाइने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ । त्यस्तै समयमै कर्जा नतिरेका व्यवसायीबाट साँवा व्याज असूली गर्दा पनि चालू आर्थिक वर्षको उक्त अवधिमा लाग्ने कुनै किसिमको **हर्जाना** (जरिमाना) रकम नलिनु हुन जानकारी गराइन्छ ।

.........................

(कस्मिक बुढा)
कर्जा असूली विशेषज्ञ
कानून तथा असूली शाखा

अनामनगर, काठमाडौं नेपाल, फोन नं.:+९७७-१-४१०२७८९/८८, फ्याक्स : +९७७-१-४१०२७८९/४१०२६७८
Anamnagar, Kathmandu, Ph.: +977-1-4102789/88, Fax : +977-1-4102789, 4102678, E-mail: info@ysef.gov.np, Web: www.ysef.gov.np